# घोराही उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### घोराही, दाङ, ५ नं. प्रदेश, नेपाल

सूचना । सूचना ।। सूचना ।।।

यस घोराही उपःमहानगरपालिकाले जी. आई. जेड. को स्थानीय तथा प्रादेशिक आर्थिक विकास ( एल. पी. ई. डी.) परियोजनासँग स्थानीय आर्थिक विकासको लागि सहकार्य गर्दै आइरहेको छ । यसै सन्दर्भमा यस उपःमहानगरपालिकामा दर्ता भएका वा नियमन क्षेत्रभित्र रही संचालनमा रहेका सहकारी संस्था तथा निजी उद्यमहरुलाई प्रतिस्प्रर्धात्मक विधिबाट परियोजनाहरुको प्रस्तावना छनौट गरी सहयोग प्रदान गर्न गइरहेका छौं । यस कार्यक्रम अन्तर्गत स्थानीय आर्थिक विकासका लागि गरिएका मूल्य श्रृङ्खलाहरु : फलफूल तथा तरकारी, बाख्रापालन , कुखुरापालन , माहुरीपालन , पर्यटन प्रवर्द्धन, दुग्ध तथा कोभिडः१९ को कारण स्थानीय आर्थिक विकासमा पर्न गएको असरलाई सम्बोधन गर्दै नयाँ उत्पादनमा सेवा सहितका नवीनतम व्यवसायिक अवधारणाहरुको पहिचानमा सहयोग पुर्याउने उद्देश्य रहेको छ ।

यस एल. पी. ई. डी. परियोजना अन्तर्गत साना परियोजना सहयोग कोष कार्यक्रम मार्फत सहकारी संस्था तथा निजी उद्यमहरुले पेश गरेका परियोजना प्रस्तावको प्रतिस्पर्धाको आधारमा उत्कृष्ट ठहरिएका ५ वटा परियोजनालाई प्रति परियोजना अधिकतम रु. १०,००,०००।– ( दश लाख रुपियाँ मात्र ) सम्म अनुदान सहयोग प्रदान गरिनेछ ।

प्रस्तावित परियोजनाहरुको मुल्याङ्कन निम्न शर्त एवं मापदण्ड अनुसार गरिने छ :

१ यस घोराही उपःमहानगरपालिकाभित्र स्थापना भएका वा नियमन क्षेत्रभित्र रही संचालनमा रहेका सहकारी संस्था तथा निजी उद्यमहरु हुनुपर्नेछ ।

२ सहकारी संस्थाहरुको हकमा कुल प्रस्तावित परियोजनाको कम्तीमा २५% र निजी उद्यमहरुका लागि कम्तीमा ५०% योगदान आवेदकले नै गर्नुपर्नेछ । सहयोग रकम परियोजना व्यवसाय हेरी प्रति परियोजना अधिकतम रु. १०,००,०००।– ( दश लाख ) मा नबढ्ने गरी अनुदान सहयोग प्रदान गरिनेछ ।

३ प्रत्येक सहकारी तथा उद्यमले केवल एउटा मात्र प्रस्तावना पेश गर्न सक्नेछ ।

४ प्रस्तावित परियोजनाले कोभिड ःं१९ द्धारा उत्पन्न आबश्यकता एबं चुनौतीहरुलाई सम्बोधन गर्दै आर्थिक तथा औधोगिक विकासलाई सहयोग पुर्याउने उपायहरु निम्न बुँदाहरुसँग सम्बद्द गराई सान्दर्भिकता देखिने हुनुपर्नेछ :

(क) यस घोराही उपःमहानगरपालिकाका प्राथमिकता र प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरुसँग मेलखाने परियोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

यस घोराही उपःमहानगरपालिकाका प्रतिस्पर्धी लाभका क्षेत्रहरु:

i. तरकारी खेती :-

टमाटर, काउली, बन्दा, च्याउ, सिमी ,लसुन र प्याज।
ii. कुखुरापालन :- अण्डा उत्पादन, लोकल तथा बदिया कुखुरा उत्पादन, ब्रोइलर तथा लेयर्स कुखुरा उत्पादन ।
iii. माहुरी पालन:- मह उत्पादन ,माहुरी घार निर्माण, मैन एबं पोलेन (पराग) तयारी।
iv. पर्यटन:- धार्मिक, साँस्कृतिक, पर्यावरणीय, एबं शाहसिक पर्यटन तथा हस्तकला ।
ख फलफूल तथा तरकारी बाख्रा कुखुरा मह दुग्ध एबं पर्यटनको मुल्य श्रृङ्खला विकासका लागि उत्पादन तथा प्रक्रिया (Product and process Innovati0n) का नयाँ अवधारणाहरु लाई प्राथमिकता दिइनेछ ।
ग प्रस्तावित परियोजनाले सहकारी तथा उद्यमहरुको व्यावसायिक बृद्धिका लागि सहयोग पुर्याउने खालको हुनुपर्नेछ ।
घ प्रस्तावित परियोजनाले आर्थिक तथा वाताबरणीय दिगोपना सुनिश्चित गरेको हुनुपर्नेछ ।
ङ प्रस्तावित परियोजनाले बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरु महिंला तथा बिपन्न समुहहरुका लागि आर्थिक र सामाजिक समाबेशीकरणमा योगदान पुर्याएको हुनुपर्नेछ ।
(५) प्रस्तावक सहकारी संस्थाहरुमा कम्तीमा २५% सदस्यहरु पछि परेका समुदाय (Disadvantaged Gr0ups) बाट हुनुपर्नेछ ।
६ महिंला तथा पछि परेका विपन्न समुहबाट नेतृत्व गरेका उद्यमहरुलाई प्राथमिकता दिइनेछ ।
उक्त मापदणडभित्र रही प्रतिस्पर्धामा भाग लिन ईच्छुक सहकारी संस्था . निजी उद्यमहरुले यस नगरपालिकाले उपलब्ध गराउने परियोजना प्रस्ताव फाराम भरी प्रस्तावनासँगै निम्नानुसारका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र (२१ दिन बिदा परेमा सोको भोलिपल्ट ) आवेदन दिनुपर्नेछ :-

१ सहकारी संस्था वा उद्यम व्यवसायको दर्ता प्रमाणःपत्र (२०७७ श्रावण मसान्तसम्ममा दर्ता भएको) को प्रमाणित प्रतिलिपि ।
२ घोराही उपः महानगरपालिकामा भएको दर्ता र नविकरण गरिएको प्रमाणको प्रमाणित प्रतिलिपि ।
३ स्थायी लेखा नम्बर ( PAN) दर्ता प्रमाणः पत्रको प्रतिलिपि ।
४ गत आ.ब. को लेखा परिक्षण प्रतिवेदन ।
५ सहकारी संस्थाको हकमा विनियमको प्रतिलिपि र साधारण सभाको निर्णयको प्रतिलिपि।
६ गत आ. ब. सम्मको कर चुक्ता गरेको पत्रको प्रमाणित प्रतिलिपि ।
७ सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र ।

सम्पर्क व्यक्ति :-

१ होम लाल भुसाल, सहकारी तथा रोजगार प्रबर्द्धन शाखा, घोराही उ.म.न.पा. को कार्यालय दाङ
ईमेलः hlbhusal 22 @gmail.com, फोनः ९८४७८२५८०३
२ चुडाराज गिरी , स्थानीय प्रतिनिधि एल.पी.ई.डी. परियोजना।
**ईमेलः chuda.giri@giz.de ,फोन ९८५८०२९२२१**

**पुनश्चः १. अन्य आबश्यक विवरणहरु सम्झौताको चरणमा पेश गर्नुपर्नेछ ।**

**२. प्रस्तावको ढाँचाको प्रतिलिपि सहकारी शाखामा प्राप्त हुनेछ ।**